स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपाली फिल्म रिलिज हुने बित्तिकै फिल्मका स-साना क्लिप सामाजिक सञ्जालमा छ्यापछ्याप्ती अपलोड हुने गर्छ । त्यसले फिल्मको व्यवसायमा पनि असर पुग्दै आएको छ। त्यसैले निर्माताहरू फिल्मको क्लिपहरू सामाजिक सञ्जालमा नराखिदिन अनुरोध गर्दै आएका छन् । यस्तै अनुरोध फिल्म "पूर्णबहादुरको सारङ्गी" को पनि छ ।

**आजको विचार...**



मेघनाथ दाहाल

अर्थतन्त्रले...
(दुई पेजमा)

अभिनेता उत्तम प्रधानले फिल्ममा कमब्याक गर्ने भएका छन् । उनी लामो समयपछि "कल्ली" मार्फत फिल्ममा कमब्याक गर्न लागेका हुन् । निर्माण युनिटले फिल्ममा प्रधान अनुबन्धित भएको सार्वजनिक गरेको छ । फिल्मका निर्माता किरण नेपाली र लेखक तथा निर्देशक लक्ष्मण सुनारले सिक्किम पुगेर प्रधानलाई फिल्ममा अनुबन्धित गरेका हुन् । प्रधानले लामो समयपछि नेपाली फिल्ममा कमब्याक गर्न पाउँदा आफू उत्साहित भएको प्रतिक्रिया दिए ।



❐ वर्ष ३० ❐ अंक १०४ ❐ २०८१ कार्तिक २२ गते बिहीबार 7 November 2024, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### अमेरिकाको राष्ट्रपतिमा ट्रम्प निर्वाचित



**काठमाडौं,** कार्तिक २१/डोनाल्ड ट्रम्प अमेरिकाको राष्ट्रपतिमा निर्वाचित भएका छन् । ट्रम्पले डेमोक्रेटिक पार्टीकी उम्मेदवार उपराष्ट्रपति कमला ह्यारिसलाई पराजित गर्दै अमेरिकाको ४७ औं राष्ट्रपतिमा निर्वाचित भएका हुन् ।

ट्रम्पको यो दोस्रो कार्यकाल हो । अमेरिकामा मंगलबार भएको राष्ट्रपतीय चुनावमको पछिल्लो मत परिणाम अनुसार रिपब्लिकन उम्मेदवार ट्रम्पले २ सय ७७ मत सुनिश्चित गर्दा डेमोक्रेटिक पार्टीकी उम्मेदवार उपराष्ट्रपति ह्यारिसले २ सय २४ मत प्राप्त गरेकी छन् । अमेरिकी राष्ट्रपतिमा निर्वाचित हुन कुल ५ सय ३८ मतमध्ये कम्तीमा २ सय ७० इलेक्टोरल मत ल्याउनुपर्छ । अमेरिकाका ५० राज्यका लागि जनसंख्याका आधारमा ५ सय ३५ र संघीय राजधानी 'डिस्ट्रिक्ट अफ कोलम्बिया'का लागि ३ इलेक्टोरल मत निर्धारण गरिएको छ ।

## स्थानीय तह उपनिर्वाचन

# ४४ पदका लागि निर्वाचन हुँदै, दलहरु उम्मेदवार छनोटमा केन्द्रित

**हाम्रा संवाददाता**

**पाल्पा,** कार्तिक २१/आगामी १६ मंसिरमा विभिन्न कारणले स्थानीय तहमा रिक्त पदका लागि उपनिर्वाचन हुन लागेको छ । ४४ पदका लागि स्थानीय तहको उपनिर्वाचन हुन लागेको हो ।

जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख एक, उपप्रमुख एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदका लागि उक्त दिन निर्वाचन हुनेछ । निर्वाचन आयोगको कार्यतालिकाअनुसार मनोनयन दर्ताका लागि ११ दिन मात्र बाँकी छ । मंसिर २ गते उम्मेदवारी दर्ता गर्नुपर्नेछ । २ गते बिहान १० देखि अपराह्न ५ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोयन दर्ता हुने छ भने सोही दिन



साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुनेछ । आयोगका अनुसार २०७९ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा पुरुष उम्मेदवार निर्वाचित भई कार्यभार सम्हालिरहेको स्थानीय तहमा रिक्त रहेको पदमा महिला उम्मेदवार रहने गरी मनोनयनपत्र पेस गर्न राजनीतिक दललाई निर्देशन दिइएको छ । ३ गते बिहान १० देखि अपराह्न ३ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, सोही दिन अपराह्न ३ बजेपछि मनोनयपत्र र उजुरीमाथि जाँचबुझ एवं निर्णय गरी ४ गते साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन हुनेछ । *-बाँकी अन्तिम पेजमा...*

## साईबर अपराधबाट बचौं

ईन्टरनेट प्रयोग गर्दा:
- बलियो पासवर्ड राखौं र पासवर्डलाई समय-समयमा परिवर्तन गरौं,
- अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौं,
- सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔं, यस्ता कल पटक-पटक आए ब्लक गरौं,
- आफ्ना व्यक्तिगत विवरणहरू ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्ममिति आदि कसैलाई शेयर नगरौं, सुरक्षित राखौं,
- अनावश्यक सफ्टवेयरहरू ईन्स्टल नगरौं, गरेको भए हटाऔं,
- सामाजिक सञ्जाल, ईमेल वा अन्य कुनै वेव एप्लिकेसन प्रयोग गरिसकेपछि साइन आउट गरौं,
- डिजिटल डिभाईसहरू मर्मत गर्न दिदा सम्पूर्ण विवरणहरू हटाएर मात्र दिऔं,
- सामाजिक सञ्जालमा अनावश्यक फोटो तथा व्यक्तिगत विवरणहरू नराखौं,

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# आज छठ पर्वको मुख्य दिन, सूर्यको पूजा गरी मनाइँदै

**पाल्पा,** कार्तिक २१/ आज छठ पर्वको मुख्य दिन सूर्यको आरधना, उपासना र पूजा गरी उल्लासपूर्वक मनाइँदैछ । तराई-मधेसका सबै जिल्ला, काठमाडौंसहितका विभिन्न ठाउँमा आज छठ पर्वको विशेष रौनक छ । छठको अवसरमा सरकारले आज सार्वजनिक बिदा दिएको छ ।

व्रतालुहरू आज पानीसमेत नखाइकन निराहार बस्दछन् । साँझपख नजिकैको पोखरी, तलाउ, इनार, कुवा जस्ता जलाशयमा गई अस्ताउँदो सूर्यको पूजा गर्दछन् । छठको दिन सूर्यलाई चढाउनका लागि बनाइएका सामग्रीहरू घाटमा लगेर पालैपालो पानीमा डुबाई सूर्य देवतालाई चढाउँदछन् । प्रात:कालीन अर्घका लागि केही व्रतालुहरू आज रातभर पानीमा बसेर सूर्य नउदाउन्जेल सम्म पूजा गर्दछन् भने कोही प्रसाद चढाएर पानीबाट निस्कन्छन् । आज जलाशय क्षेत्रमा रातभर भजन कीर्तन र नाचगान हुने



गर्दछ । घाटलाई पनि बेहुली झैं सिङ्गारिएको हुन्छ । भोलि उदाउँदो सूर्यलाई अर्घ दिएपछि छठ सम्पन्न हुन्छ । ऐतिहासिक पौराणिक ग्रन्थ महाभारतमा उल्लेख भएअनुसार द्रौपदीसहित पाँच पाण्डव अज्ञातवासमा रहँदा उक्त गुप्तवास सफल होस् भनी सूर्यदेवलाई आरधना गरिएको थियो । उक्त समयमा पाण्डव विराट राजाको दरबारमा बास बसेको उल्लेख छ । लोक कथनबमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको हो । सूर्य पुराणअनुसार सर्वप्रथम अत्रिमुनिकी पत्नी अनुसूयाले छठ व्रत गरेकी थिइन् ।

फलस्वरूप उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन् । त्यही बेलादेखि 'छठ पर्व' मनाउने परम्पराको सुरुआत भएको विश्वास गरिन्छ । संसारका सम्पूर्ण भौतिक विकास सूर्यमाथि नै आधारित छन् । तिनको शक्तिबिना रुख, बिरुवा, वनस्पति, प्राणी, जीवजन्तु कसैको पनि अस्तित्व रहन सक्दैन । सूर्य किरणको चिकित्सामाथि कैयौं चिकित्सकले ग्रन्थ लेखेको पाइन्छ । सूर्यको किरणबाट कैयौँ असाध्य तथा अक्षय रोगको आश्चर्यजनक उपचारसमेत खोजिएको छ । साम्ब पुराणमा आृनै पिता श्रीकृष्ण तथा महर्षी दुर्वासाको सरापद्वारा कुष्ठरोगबाट पीडित साम्व सूर्यको आरधनाको फलस्वरूप रोगमुक्त हुन गएको भन्ने चर्चा छ । छठ पर्वमा व्रत गरे दु:ख र दरिद्रताबाट मुक्ति पाइन्छ भन्ने जनविश्वास छ । यसमा झुप्पा-झुप्पा फल चढाउँदा सूर्य देवता प्रसन्न भई व्रतालुका कुटुम्बसहित सबै सन्तानको भलो हुन्छ भन्ने मान्यता पाइन्छ । यस पर्वमा जो व्रत बस्न सक्दैन उसले अर्कोबाट व्रत गराउने गर्छन् । आर्थिक अभाव भएका मानिस भिक्षा मागेरै भए पनि यो पर्व मनाउने गर्छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## छठ पर्वको महत्व

छठ पनि एक महत्वपूर्ण चार्ड हो । यो विशेष गरी तराई क्षेत्रमा मनाईने प्रमुख पर्व हो । यो पर्व नेपालीहरुको दोस्रो ठूलो चाड तिहार सकिएलगत्तै सुरू हुने गर्दछ ।

विगतमा तराईका जिल्लामा मात्रै मनाइन्थ्यो । आजभोलि यसको व्यापकता बढ्दै स्वदेशमा मात्र होइन, सात समुद्रपारि पनि मनाउन थालिएको छ । जतातत्तै छठको रौनक छ । अस्ताउँदो सूर्यलाई अर्घ दिँदै सुरु हुने यो पर्व उदाउँदो सूर्यलाई अर्घ दिएपछि सम्पन्न हुन्छ । छठ महत्व अनेक छन् । सन्तानको प्राप्ति, दीर्घायु, आरोग्य र मनोकामना पूर्ण गर्नका लागि यो पर्व मनाइने गरिएको हो । छठ पर्वले सांस्कृतिक रुपमा विशिष्ट स्थान ओगटेको छ । संस्कृति मानवीय जीवनपद्धति हो । मान्छेले धारण गर्ने वस्त्र हो । उसको खानपान हो । अर्थात् मानव जीवनको सबथोक हो । कृषि उत्पादन, सामाजिक रहनसहन र सभ्यताका पक्षलाई एकैसाथ छठले प्रतिविम्बित गर्ने गर्दछ । कृषिउपजलाई प्रसादका रूपमा स्वीकार गरेको छ । झन्डै ७२ प्रकारका कृषिउपजको छठ पूजामा प्रयोग गरिन्छ । यसले हराउँदै गएको नेपालको कृषि उत्पादनको पहिचानलाई पुनरावृत्ति गराउँछ । यो पर्व नियम निष्ठा एवं पवित्रताका साथ मनाउने पर्वको रुपमा रहेको छ । यो खासगरी राखिएका भाकल पूरा भएपछि मात्र गर्ने गरिन्छ । एकपल्ट शुरु गरेपछि प्रत्येक वर्ष गर्ने गरिन्छ । हरेक पर्वको आफ्नै मौलिक संस्कृति र इतिहास रहेको हुन्छ । छठ पर्वसँगै हरेक पर्वहरुलाई निरन्तरता दिनु र त्यसको संरक्षण गर्नु नै अहिलेको आवश्यकता हो । जुनसुकै पर्वले नेपाली–नेपालीहरुमाझ नै आत्मीयता, सद्भाव र सहिष्णुताको विकास गरेको हुन्छ । त्यसैले छठ पर्वलाई सोही अनुसार मनाउन सके यसको महत्व अझ बढेर जाने छ ।

## Opinion @ Social Network

खबर सोध्दैनौ तर खबर राख्छौ,
सुनेको छु तिमी म माथी नजर राख्छौ ।
*(भूमिका पाण्डेको फेसबुक स्टाटस https://www.facebook.com/bhumikapandey)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अर्थतन्त्रले किन अपेक्षित गति लिन सकेन–२



**मेघनाथ दाहाल**

*विश्वका विकसित भनिएका वा विकासको गतिमा अघि देखिएका युरोपियन, अमेरिकन वा एशियन वा हाम्रै छिमेकी मुलुक नै किन नहुन्, उनीहरूको सफलताको मुख्यकारण आन्तरिक उत्पादनमा वृद्धि र सो वृद्धिको आधारमा तय गरिएको आर्थिक क्षेत्रको बाटो निर्माण हो । केही निश्चित क्षेत्रमा सरकार एवं निजी क्षेत्रको पनि लगानीको प्राथमिकता पर्नैपर्ने हुन्छ । भारतीय अर्थतन्त्रको कुरा गर्ने हो भने सन् १९९० सम्ममा अवस्था नाजुक थियो ।*

आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेटले अर्थतन्त्रको वृद्धिदर ६ प्रतिशतको रहने अनुमान गरेको थियो । सो बजेटले मुद्रास्फीति ५.५ भित्र कायम रहने आँकलन थियो । हाल कायम रहेको आर्थिक वृद्धिदर ३.९ प्रतिशत मात्र देखिएको छ भने मुद्रास्फीतिको दर ७.५ मा पुगेको छ । एडीबीलगायत विदेशी संस्थाले यो वृद्धिदर ३.५ देखि ४ प्रतिशतसम्म रहने अनुमान गरेका थिए । अर्थतन्त्रको सकारात्मक एवं गुणात्मक विस्तार तथा सुधार जुनसुकै मुलुकको राजनीतिक रस्साकस्सीको प्रमुख विषयवस्तु हो तर यसको स्टेरिङ भने मुख्य गरी राजनीतिक विचार, दृष्टिकोण, साधानस्रोतको उपलब्धता र तिनको प्रयोगमा उपयोग हुन तयार पारिएका विविध योजनाको समुचित व्यवस्थापनसहितको सही कार्यान्वयनद्वारा निर्धारण हुने गर्दछ ।

विश्वका विकसित भनिएका वा विकासको गतिमा अघि देखिएका युरोपियन, अमेरिकन वा एशियन वा हाम्रै छिमेकी मुलुक नै किन नहुन्, उनीहरूको सफलताको मुख्यकारण आन्तरिक उत्पादनमा वृद्धि र सो वृद्धिको आधारमा तय गरिएको आर्थिक क्षेत्रको बाटो निर्माण हो । केही निश्चित क्षेत्रमा सरकार एवं निजी क्षेत्रको पनि लगानीको प्राथमिकता पर्नैपर्ने हुन्छ । भारतीय अर्थतन्त्रको कुरा गर्ने हो भने सन् १९९० सम्ममा अवस्था नाजुक थियो । नेपाल र भारतले एकसाथ खुला अर्थतन्त्रको बाटोमा पाइला राखेका हन् । नेपाली अर्थतन्त्रलाई कसको आँखा लागेर हो ठूलो रूखको ओभ्ठेलमा भएको सानो झारपात जसरी दिनानुदिन अर्थतन्त्र खुम्चिँदो छ तर भारतीयहरूको रफ्तार प्रतिवर्ष बढ्दो देखिन्छ । हाल विश्वको पाँचौं नम्बरमा आफ्नो बनाइरहेको भारतले आगामी ६/७ वर्षमा तेस्रो नम्बरमा आउने तयारीका साथमा अघि बढेको छ । साथै यसका केही सकारात्मक संकेत नदेखिएका होइनन् । जस्तो पूर्वाधार शिक्षा तथा स्वास्थ्यको साथमा खाद्य सुरक्षा, वस्तु तथा सेवाहरूको निकासीको हकमा भारतीय अर्थतन्त्र अत्यन्त सुधारको बाटोमा हिँडेको छ । नेपाली अर्थतन्त्रले किन यत्तिको राजनीतिक, सामाजिक, आन्तरिक र बाफय परिवेशहरू परिवर्तन हुँदा पनि किन सही लय समाउन सकेन भन्नेमा केही वस्तुगत आधारलाई केलाउने प्रयास गरिएको छ । लगानीमा संकुचन नेपाली अर्थतन्त्रको विस्तारका लागि पहिलो अंकुश बन्न पुग्यो । लगानीको अवस्था समान्य अंकगणितीय रूपमा हेर्दा स्वभाविक देखिन्छ । तर नेपालको आवश्यकता र परियोजनाबाट लिन चाहेको प्रतिफलको आधारमा पुँजीगत लगानीको स्तर कमजोर छ । भौतिक पूर्वाधारका विषयमात्र नभएर हाम्रो अवस्था त कति नाजुक छ भने आवश्यक मात्रामा स्कुल तथा अस्पतालका भवन पनि बनाउन सकिएको छैन । अति आवश्यकीय क्षेत्रमा काम गर्न सकेका छैनौं । मिश्रित आर्थिक प्रणालीअन्तर्गत खुला बजारको आत्मसात पछिको उत्पादनमूलक सबै किसिमका लगानीको मुख्यकारक भनेको निजी क्षेत्र नै हो । जबसम्म यो उत्साहित हुन सक्दैन तबसम्म सरकारी लगानीले अर्थतन्त्रको सार्थकतामा खासै केही काम गर्न सक्दैन । साना, मध्यम तथा ठूला किसिमका परियोजनामा सरकारी तबरले हुनुपर्ने लगानीको जति काम त संयन्त्रले गर्न नसकेकै हो । अझ निजी तथा सहकारीबाट भएको लगानीको प्रतिफल पनि मूलधारको अर्थतन्त्र र यसले पुऱ्याउने योगदानमा जोड्न नसक्दाको परिणाम भोगिरहेका छौं । एकातिर अंगिकार गरेको समाजवादी दृष्टिकोणले केही हदसम्म नकारात्मकता थपेको छ । सरकारले नै सबै काम गर्दै जाने हो भने हामीले अंगिकार गरेको खुला बजार नीति तथा उदारीकरणलाई पुन: परिभाषित गर्नुपर्ने हुन्छ ।

खासगरी २०६३ सालपछि विकास भएको राजनीतिले समाजवादलाई मूलधारमा स्थापित गर्न त खोज्यो । सामाजिक न्यायसहितको समाजवाद आफैंमा नराम्रो होइन । नेपालको आर्थिक वृद्धि तथा विकासको हकमा समस्या ल्याउने पो हो कि जस्तो देखिन थालेको छ । विकसित गरेको नीतिगत एवं कानुनी विधिले निजी लगानी तथा यसले निम्त्याउने प्रतिफलको स्तरमै कमी ल्याउन सक्ने देखिँदो छ । निजी क्षेत्र यस शब्दसँग डराएको जस्तो देखिन थालेको छ । सरकारमा बसेकाहरू एवं राजनीति दलहरूले उद्यमीहरूलाई यस बारेमा विश्वस्त तुल्याउन नसकेको जस्तो देखिँदै छ । वित्तीय सक्षमता, समावेशी र पहुँच जस्ता पक्षमा नेपाली अर्थतन्त्रले आशातीत काम गर्न सकेको छैन । संख्यात्मक रूपमा बैंकिङ एवं गैरबैंकिङ क्षेत्रको विकास तथा विस्तार भएको छ तर सोही अनुपातमा गुणात्मकता सुरक्षालगायत पहुँचको हकमा भने सीमित वर्ग र समुदायको बोलवाला आजका दिनमा प्रष्टै देखिन्छ । व्यावसायिकताको जग भर्खरैमात्र बसेको नेपाली अर्थतन्त्रमा धेरै काम बाँकी छन् । वित्तीय ज्ञान, सीप, क्षमता तथा अनुशासनको हकमा सामाजिक, सांस्कृतिक परिवेश कमजोर छ । नाफामुखी कृषि हुनसकेको छैन । गैरकृषि क्षेत्र पनि सही किसिमले अघि जान सकेको छैन । राजनीति वा अन्य कारणले बजारमा वित्तीय क्षेत्रमा प्रशस्त मात्रामा भएको तरलताको उपयोग गर्न लगानी मागको बढावा हुन सकिरहेको छैन । विप्रेषणमा भएको २१ प्रतिशतको वृद्दिको कारण उपभोग तथा आन्तरिक वस्तु तथा सेवाहरूको मागमा थोरै वृद्धि भएको छ तर यसले मात्र अर्थतन्त्रलाई चलायमान बनाउन सकेको छैन । विश्व बैंकको अक्टोबर अपडेटले सार्वजनिक एवं निजी दुवै क्षेत्रमा आशातीत लगानी हुन नसकेको सरकारको आर्थिक तथा व्यावसायिक क्षेत्रमा सुस्त गतिमा प्रगति भएकाले आशानुरूप काम हुन नसकेको कुरा जनाएको छ ।

बितेको महिनाभित्रमा केन्द्रीय बैंकले खर्बौंको तरलता तानेको कुरा आएको छ । यसमा स्वयं सरकारको अस्थिर प्रकृति सम्बन्धित नीतिहरूको साथमा वित्तीय सक्षमता ज्ञान, सीप तथा जोखिम मोल्ने नसक्ने नेपाली मनोविज्ञानले धेरै हदसम्म काम गरेको देखिन्छ । पूर्वाधारमा समस्या पनि नेपाली अर्थतन्त्रको विस्तार हुन नसक्नुको अर्को दीर्घकालीन समस्याका रूपमा लिइन्छ । राजनीतिक सामाजिक रूपमा धेरै परिवर्तन देखेका भए तापनि भौतिक एवं मानवीय पूर्वाधारको हकमा खासै काम हुन नसकेककाले विकासो गति, दिशा र गन्तव्यमा ठेस खानुपरेको छ । सडक यातायातको हकमा आर्थिक वर्ष २०६४/०६५ मा ५००४ किमी पक्की सडक हाल १८ हजार २४१ किमी पुगेको आर्थिक सर्वेक्षण २०८०/०८१ ले जनाएको छ तर विचार पुऱ्याउनुपर्ने कुरा के छ भने हाइस्पिड सडकमात्र २०० किमी बनाउन सकिएको छैन । हिउँदभरि सडकको नाममा अर्बौं रुपैयाँ खर्चिन्छौं तर वर्षाको एकाध झरीले बाटोको हाविगत पुरानै अवश्थामा पुऱ्याइदिन्छ । त्यसैगरी २०६४/०६५ मा सडक सञ्जालमा जोडिएका जिल्लाहरूको संख्या ६१ बाट हाल ७७ पुगेको छ तर वार्षिक कति महिना सजिलै यातायातका साधन चल्न सक्छन् भन्ने कुरालेमात्र राख्ने गरेको छ । विद्युत्को हकमा यस समयमा ७०० मेवाको क्षमता ३०६० मेवामा पुगेको छ तर पनि हामी लगभग ३५० मेवा बत्ती भारतबाट अहिले पनि आयात गरिरहेका छौं । विद्युतीय पूर्वाधार राष्ट्रिय एवं रणनीतिक पूर्वाधार निर्माणमा भएको ढिलासुस्तीको परिणाम हो ।

खानेपानीको हकमा हाम्रो अवस्था यो समीक्षा अवधिमा ४५ प्रतिशतबाट बढेर ९७ प्रतिशतमा पुगेको छ तर विचारणीय कुरा के रहेको छ भने आज पनि सरुवा रोगका मुख्य कारण प्रदूषित पानी र यसको उपयोग छ । वित्तीय पूर्वाधारको हकमा वाणिज्य बैंकको शाखा ५९१ बाट ५ हजार ४२ पुगेका छन् तर यो सजिलो कर्जा र यसबाट कति गरिब तर उद्यमी नेपालीहरूले काम गरेका छन् भन्ने कुरालेमात्र अर्थ राख्दछ । यो वर्षेनी दोहोरिरहने नेपाली विकासको उत्तम मोडल हो । किनभने भूगोल र हाम्रो परिवेशमा सडकले पहिलो पूर्वाधारको रूपमा मान्यता पाएको छ र यो धेरै हदसम्म सही हो । जबसम्म गुणस्तरीय सडक तथा अन्य सबै पूर्वाधारजन्य परिवेशको निर्माणमा हामी सफल हुन सक्दैनौं निजी क्षेत्रको लागनीको लगाव धेरै हुँदैन । प्राथमिकता निर्धारणमै समस्या देखिन गएको छ । वार्षिक बजेटले निर्धारण गरेका प्राथमिकतामा आर्थिक सुधार र निजी क्षेत्रको उत्थान, कृषि ऊर्जा सूचना प्रविधि, पर्यटनलागायत औद्योगिक विकास पूर्वाधार संरक्षण, शिक्षा स्वास्थ्यलगायत सामाजिक क्षेत्रको विकास, समावेशी, समाजिक सुरक्षा, अन्त्यमा सुशासन र सामाजिक सेवा प्रवाहमा सुधार भनेर पाँचवटा राखिएको थियो । यी सरकारले प्राथमिकता तोकेका धेरैजसो पक्षमा आमसर्वसाधारण सन्तुष्ट भएको जस्तो देखिँदैन । स्वतन्त्र नागरिकलाई यी कुरामाथि प्रश्न गरियो भने सजिलै सर्वसाधारणको आक्रोश देखिन सक्छ । निजी क्षेत्र सरकारसँग तर्सने गरेको छ । नेपाली अर्थतन्त्रलाई सरकारी, निजी र सहकारीको तीन खम्बे अर्थनीतिको रूपमा स्वीकार गरिएको छ तर यो नीति लगानीको निमित्त बाधक भएको भनेर प्रचारबाजीले पनि समस्या सिर्जना भएको छ । अब बन्ने वा विद्यमान सरकारलाई यो वा त्यो निहुँमा आलटाल गर्ने छुट समयले दिने छैन । नागरिकमा बढ्दो आकांक्षा र आक्रोशको न्यूनीकरण भनेको सरकारको चुस्त डेलिभरी र भ्रष्टाचारमुक्त सरकारी संयन्त्रको सञ्चालन हो । यसका लागि तीनै तहका स्थानीय निकाय तथा सरोकारवाला सबैले इमानदारीताका साथ काम गर्न सकेमात्र मुलुकले केही हदसम्म सन्तोषको सास फेर्न सक्दछ ।

***–इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ जिम्मेवारी पाइने र शुभकार्यको चर्चा चल्नेछ । मनमा उत्साहका हुनेछ । | **तुला** : रमणीय र सुखद् यात्राको योग छ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । |
| **वृष** : इच्छा पूरा गर्न केही धन पनि खर्च होला । आफन्तको सहयोग पाइनेछ । | **वृश्चिक** : कीर्तिमानी काम गर्ने समय छ । चलाखीपूर्ण बोलीले कार्य बन्नेछ। |
| **मिथुन** : शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । | **धनु** : स्वादिष्ट भोजन पनि पाइनेछ । वित्तिय संस्थाबाट सहयोग मिल्नेछ । |
| **कर्कट** : शिुभ चिन्तकहरूले पूर्ण समर्थन प्रदान गर्नेछन् । सन्तान सुख मिल्नेछ । | **मकर** : मित्रहरूले दिएको वचन फेरिन सक्छ । फजुल खर्चले चिन्ता बढाउनेछ। |
| **सिंह** : काम गर्ने जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ कामको थालनी हुनेछ । | **कुम्भ** : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । धन आर्जन हुनेछ । |
| **कन्या** : प्रेमी र प्रेमिकाका बिच खिन्नता बढ्न सक्छ । नोक्सानी बेहोर्नु पर्ला । | **मीन** : नयाँ कार्यको योजना बन्नेछ । धार्मिक यात्राको योग छ । |




निबन्ध ● ज्ञानेन्द्र विवश

# मान्छेका मनहरू मरेपछि

मान्छेका मनहरू मरेपछि सौन्दर्यले पनि नेटो काट्दोरहेछ । मिठो बोलीमा पनि तीतो आभास हुँदोरहेछ । मायालु हेराइ पनि विशालु लाग्दोरहेछ । रमाइलो मौसम पनि बेमोजको हुँदोरहेछ । हिँडिरहेको सजिलो बाटोमा पनि ठेस लाग्दोरहेछ ।

राम्रै कुरा बोलिरहँदा पनि सुन्नेले अर्कै अर्थ लगाउने रहेछ । आखिर मान्छेका मानवीय मनहरू मरेपछि नसोँचेको कुरा हुने रहेछ । हार्दिक भावनाको अन्त्य भएपछि दुर्भावनाहरूले स्थान पाउन थाल्ने रहेछ । मान्छेका मनहरू यहाँ अनायासै अर्कै भएको पनि देखियो । मान्छेहरू बदलिएर यहाँ मान्छेकै अस्तित्व समाप्त पार्न उद्यत रहेको पनि भेटियो । बन्धन तोडेर र अनुशासन भंग गरेर मान्छेले दानवको स्वरूप प्रस्तुत गरेको पनि देखियो । मान्छेले यहाँ निर्माण कला मात्रै होइन । सिर्जनात्मक प्रस्तुतिहरू मात्र पनि होइन । विध्वंस र विनाशको मञ्चन गरेको अप्रिय दृश्य पनि देख्न पाइयो ।

अचम्मकै छ, यो संसारमा मायालुहरूको भीड त्यत्तिकै । ईर्ष्यालुहरूको शंकालु नजरको आक्रमण उत्तिकै । सुख र सन्तुष्टिको आभास महसुस गर्दानगर्दै फेरि भित्रिने रहेछ, अर्को सकसको स्वरूप सुटुक्कै । हाँसो खोसेर आँशु दिनेहरू यहीँ छन् । मैत्रीपूर्ण सम्बन्ध तोडेर बैमनस्य कायम गर्नेहरू छन् । कतिलाई खुसी पार्नु, कतिलाई दुःख दिनु ? सकिँदैन रहेछ सबैलाई बराबरी खुशीले चकलेट बाँड्नु । गुलियो पारेको मन छिनभरमै अमिलिएको कसरी थाहा हुनु र !

मन र मुटुभित्रै पसेर जति नै खोजतलास गरे पनि मान्छेको खास रूप भेट्टाउन सकिँदैन रहेछ । दिनदिनै, छिनछिनै हेरे पनि । गहिरिएर नियाले पनि । मान्छेलाई चिन्न हम्मे-हैरानी नै हुने रहेछ । कति कपटी मन मान्छेको । कति कठोर फदय मान्छेको । मान्छेको मन पगाल्नु भनेको फलामको चिउरा चपाउनु जत्तिकै कठिन रहेछ । यहाँ अलिकति पनि 'गुनको बदला गुन' होइन बरु बैगुनकै बढोत्तरी छ । बदमासीकै बहुमत छ । ज्ञानीध्यानी, सोझासिधाले तडकभडक नगरे हुन्छ । छलछामकै रजाँइ छ । आफन्तवादकै हालिमुहाली छ । यस्तोमा योग्यताको कदर सपनामा पनि नचिताए हुन्छ ।

भेटेको मान्छे कहिलेकाहीँ प्रेरणादायी हुने रहेछ । नभेटेको मान्छे पनि कहिलेकाहीँ यादहरूमा जीवन्त आउँदो रहेछ । मान्छेले मान्छेलाई चिनेपछि आफन्तै हुनु पर्दैन रहेछ । मान्छेले मान्छेलाई नचिनेपछि आफन्त नै भएपनि त्यो सदा पराइ नै भइरहँदोरहेछ ।

मानिसले मानिसलाई असाध्यै माया गरेको पनि देखियो । बाटोबाटै मानिसले मानिसलाई फँसाएर, फकाएर, मन पराएर, मन मिलेर घरसम्मै ल्याएको पनि देखियो । मानिसले मानिसलाई घृणा गरेर घरबाटै निकालेको पनि देखियो । मानिसको मनको कुरा न हो ! मानिसको चाहनाको सीमा न हो । मानिसको मनले इच्छाएपछि के मात्र हुन सक्दैन रहेछ र यहाँ ! त्यसैले मानिसको मन सानो र अति सूक्ष्म पनि ठान्नु हुन्न रहेछ । मानिसको मन त आकाशभन्दा विशाल हुँदोरहेछ । कहिलेकाहीँ त्यही ठूलो मन यति सानो र सङ्कीर्ण पनि बन्न सक्दोरहेछ । अचम्मको जात यो मान्छेको । रहस्यको जात यो मान्छेको । कहिले जातभातको लडाइँमा सामेल । कहिले धनी र गरिबको खाडलमा जाकिन पुग्ने । कहिले पद, प्रतिष्ठाको कुरा । कहिले पुरस्कार र तिरस्कारको कुरामा अल्झिँदै, बल्झिँदै । यही मेसोमा कसैलाई पछार्दै, कसैलाई उठाउँदै । मानिसले यहाँ के मात्र गर्न बाँकी छ र अब ! ? सोचेको कुरा मात्रै यथार्थ हुँदोरहेन छ यहाँ । बोलेको कुरा मात्रै वास्तविक नहुँदोरहेछ यहाँ । देखेको कुरा मात्रै सत्य साबित नहुँदोरहेछ यहाँ । मानिस हामी आफैं हौं । आफूले आफैंलाई चिन्न सकेका छैनौं । बुझ्न सकेका छैनौं । मानिसको महत्त्वलाई बुझ्न नसक्दा, चिन्न नजान्दा मानिसको जीवन निरुद्देश्य र निरर्थक व्यतीत भइरहेछ ।

विश्वासको संकटमा मानिसका मनहरू आफैंसँग सशंकित छन् यहाँ । प्रथमतः आफैंसँग अविश्वास बढ्न थालेपछि विश्वासको संकट थपिँदै जानु स्वाभाविक हो । रुने रोइरहेका छन्, हाँस्नेहरू हाँसिरहेका छन् । मर्ने मरिरहेका छन् । बाँच्नेहरू मस्तले बाँचिरहेका छन् । रमिता हेर्नेहरू हेरिरहेका छन् । विश्वास कसको, कसरी गर्ने ? माया कसलाई, कसरी गर्ने ? दया र घृणा अनि आस्था र आराधना कसलाई, कसरी र कहिले गर्ने !? चिन्न सकिँदैन । बुझ्न जानिँदैन ।

पत्याउनै सकिँदैन आजका आधुनिक मानिसहरूका आनीबानीहरू । हाँस्छु भनेर रुनेहरू यहीं छन् । हाँस्दा-हाँस्दै रोएर रुनै नसक्ने मनहरू पनि यहीं छन् । अर्कालाई रुवाएर आफू मात्रै हाँस्नेहरू पनि छन् यहाँ । आफू रोएर अरूका लागि खुशी बाँड्नेहरू पनि छन् यहाँ । वास्तवमा मान्छेका मनहरू मरेपछि जे पनि हुँदोरहेछ । दया र माया चटक्कै भाग्दोरहेछ । निष्ठुरीपन मौलाएपछि हलक्कै हुर्किएको सम्बन्धमा तुषारापात पर्दोरहेछ । अनि मान्छे अर्कै रङ-रूपमा रूपान्तरित हुन पुग्दोरहेछ ।

अन्ततः माया गरेजस्तो गरेर प्रेमको बाहानामा, नजिकिएको अवसरमा मौकाको फाइदा लिनेहरू यहाँ कति छन् कति !? कसैले पनि कसैलाई, बुझ्न नसकिने आजका मानिसहरू ज्यादै नै ज्याद्रो र ज्यान खाने स्वभावका छन् । विश्वास कसैको नगरे हुन्छ । भरोसा कसैसँग नलिए हुन्छ । धेरै ब्याजको लोभमा फँसाउने सहकारीका ठगहरू जस्तै चोचोमोचो मिलाएर तेल घस्नेहरूसँग टाढै बस्नु बेश हुने रहेछ । आखिर मानिसलाई फसाउन बाघभालु आउने होइन रहेछ । मानिसले मानिसलाई नै फसाउने रहेछ यहाँ । मानिसले मानिसलाई नै फकाउने रहेछ यहाँ । मानिसभन्दा नजिकको आफन्त कोही छैन यहाँ । त्यही मानिसभन्दा परको दुष्ट पनि कोही हुँदैन रहेछ यहाँ । एउटा मानिसका लागि अर्को मानिस नै कति प्यारो यहाँ । माया, ममताका कति असीम हार्दिक खुसीहरू यहाँ ।

परन्तु त्यही मानिस, त्यही आफन्त र त्यही प्रिय मान्छे नै यहाँ जीवन र मरणको दोसाँधमा ज्यानमारा जीवन भएर उपस्थित हुँदो रहेछ । केही मान्छे कहिले जीवनदानको पूण्यकर्ममा भगवान बनेर साक्षात्कार बन्दोरहेछ । कतै, कहिल्यै नदेखेको, नभेटेको र नबोलेको मानिस पनि एक पटकको, एकैछिनको भेटमा उहिल्यै चिनिएको जस्तो, पहिले नै भेटिसकिएको जस्तो । कति प्यारो-प्यारो, कति हार्दिक-हार्दिक पवित्र भावनाका भेलहरू बग्दोरहेछ । जहाँ अपरिचित मान्छेका मनहरू परिचित पहिचानमा तत्कालै मित्रताको साइनोले घनिष्ट बन्दोरहेछ । बुझिनसक्नुको मायाजाल । बुझिनसक्नुको भ्रमको संसार । बिना उब्जनीको खेतीपाती हुन्छ । बिना काम र बिना योगदानका लागि सम्मान र पुरस्कार दिइन्छ ।

विश्वास र अविश्वासका बीचमा मानिसको बोलीचालीहरू कति सत्य, कति झुट !? सबैजना आफू चोखो र इमान्दार तथा इज्जतदार नै भएको ठान्दा रहेछन्, मान्दा रहेछन् । तर देख्छु आफूसँग आफैं इमान्दार छैनन् मान्छेहरू । आफूसँग आफैं विश्वस्त छैनन् कोही पनि मान्छेहरू । आफूले आफैंलाई ढाट्न नसकेर, आफूले आफैंलाई अनुशासनमा राख्न नसकेर मानिस जथाभावी जे पनि गरिरहेका छन् । तथापि, मानिसहरू यहाँ आफ्नै स्वार्थमा रमाउँदा रहेछन् । आफ्नै स्वार्थका लागि मरिमेट्दा रहेछन् । निःस्वार्थीपन, सर्वहितायको मन कसैको देखिनँ मैले कतै पनि । यो संसारमा मानिस सर्वश्रेष्ठ र सचेत बुद्धिमान प्राणी हो । तर, यही मान्छे कतिसम्म हिंस्रक, निष्ठुरी, निर्दयी र कठोर स्वभावको हुन्छ भन्ने कुरा प्रत्येक मान्छेका आनीबानीले प्रष्ट पार्दै आएका छन् । मान्छेको यही अमानवीय स्वभावकै कारण पनि हुनुपर्छ, पुलिस, प्रशासन, ऐननियम, न्यायालयहरू आदि स्थापना गरिएका ।

मान्छेको यही स्वभावलाई सपार्नका लागि नै अनेक तहका सरकार बनेका छन् । केन्द्रदेखि तल्लो स्थानीय स्तरसम्मका अनेक-अनेक सरकारका निकायहरूले समाजमा, व्यक्तिमा र त्यो क्षेत्रमा अमनचयन कायम राख्नका लागि काम गर्छन् । यसरी हेर्दा समग्रमा जंगलका जंगली पशुपक्षीहरूका लागि सरकार बनेका होइनन् । अड्डाअदालतहरू स्थापना भएका होइनन् । नियम कानूनहरू, अनुशासन, मर्यादाका कुराहरू बनेका होइनन् । मान्छेले मान्छेकै लागि बनाएका हुन् यस्ता नीतिनियमहरू । यिनैको परिपालन नगरिँदा यी निर्माण भएका हुन् । उहिले-उहिले केही थिएनन् यस्ता कानून, अनुशासन, मान मर्यादा, इज्जत, इमानका कुराहरू । तर हिजोआज मान्छेमा मर्दै गएको मानवीय संस्कार त्यसकै जगेर्नाका निम्ति पनि यस्ता अनेकौं न्यायालय, कार्यालयहरू बनेका छन् । घरजग्गाको सिमाना, बलियो झ्यालढोका, सुरक्षित पर्खाल, गेट यी सबै-सबै मान्छेले मान्छेकै लागि आत्मसुरक्षार्थ निर्माण गरेका हुन् । सम्भवतः मान्छेको डरलाग्दो स्वभावबाट बच्नका लागि यसरी मान्छेले उपाय गरेर बस्ने कोसिस गरेको छ ।

यतिले पनि चित्त नबुझी मान्छेले आफ्नै घरमा ताला लगाउने गर्छ । बाकस, दराज, सन्दुक, घर्रा आदि जताततै साँचो लगाएर राख्छ । सायद आफ्नै घरका मान्छेसँग पनि विश्वास छैन मान्छेलाई । मान्छेका मनहरू मरेपछि यहाँ कहिल्यै नसोचेको घटना घटित हुन्छ । यसलाई अस्वाभाविक होइन स्वाभाविकै ठान्नुपर्ने हुन्छ । *-बाह्रखरी डटकम*

---

कथा ● तारा भट्टराई

# कुकुर डुलाउने महिलाको कथा



समर महीनाको एक साँझ हाफ पेन्ट लगाएर सेतो जापनिज स्पिट्ज प्रजातिको कुकुर डोऱ्याउँदै हावा खान निस्केकी आधा बैंसे उमेरकी सोफिया लच्कीलच्की हिंड्दै सुरिलो बोलीमा फोनमा कुरा गरिरहेकी थिई । अलिक पर पुगेपछि कुकुरले दिसा गऱ्यो । त्यसपछि उसले ज्याकलाई फोन गरी ।

रातो कारमा ज्याक आइपुग्यो र प्लास्टिकमा कुकुरको दिसा उठायो अनि अलिक पर रहेको ट्र्यास केनमा हाल्यो । सोफियाले ज्याकलाई दुई घण्टा पछाडि पिकअप गर्न आउनु भनी । ज्याक गाडीमै फर्केर गयो र म्युजिक घन्काएर बस्यो । दुई घण्टा पछि भनेकै समयमा ऊ सोफिया भएको ठाउँमा लिन पुग्यो । अमेरिकामा धनीमानीको साथी कुकुर हो भने भिखारीहरू पनि प्रायः कुकुरसँग नै हुन्छन् । शारीरिक र मनोवैज्ञानिक हिसाबमा पनि कुकुर पाल्नु, डुलाउनु र घुमाउनु राम्रो मानिन्छ । अमेरिकामा महिलाहरू कुकुर पाल्ने पुरुषहरू प्रति अलिकति बढी नै आकर्षित हुन्छन् ।

किनभने जनावरलाई स्नेह देखाउन, नुहाइधुवाइ गर्ने र राम्रो हेरचाह गर्ने क्षमता भएको पुरुषले आफूलाई पनि राम्रोसँग हेरविचार गर्ने विश्वास महिलाहरूले गर्छन् भने कुकुर पाल्ने पुरुष सफल र परिपक्व अनि उसको जागीर र घरबारको स्थायित्व पनि हुन्छ भन्ने विश्वास गरिन्छ । साइड वाकमा कुकुर डोऱ्याएर हिंडिरहेको पुरुषले कुनै महिलालाई मोबाइल नम्बर माग्यो भने फोन नम्बर दिने सम्भावना २८ प्रतिशतले बढी हुन्छ । तर त्यसै बाटोमा हिंड्ने पुरुषलाई महिलाले आफ्नो नम्बर दिंदैनन् पनि । हुन पनि कुकुर पाल्न निकै नै सहानुभूति, दयामाया र भावनात्मक सञ्चारको कौशलता चाहिन्छ । त्यस्तै साँझ बिहान कुकुर डोऱ्याएर हिंड्ने महिलाहरूलाई पनि आफ्नो पेशा व्यवसायमा स्थापित भैसकेको, घरबारको बन्दोवस्त भैसकेको भनेर निकै राम्रो नजरले हेरिन्छ । कहिलेकाहीं अचानक भेटिएका मानिसहरूले आफ्नो घरको कुकुर बिरालाको बयान गरेर नै घण्टौं समय खर्चेका हुन्छन् । सोफिया पनि आफ्नो पेशा व्यवसायमा सफल र स्थापित महिला हो । तर साँझपख स्पिट्ज कुकुर घुमाउने वास्तविक उद्देश्य भने केही फरक नै छ ।

सोफिया ज्याकलाई आफू निक्कै व्यस्त देखाउँदै कुकुरलाई बाहिर घुमाउन लैजाने बहाना बनाएर लगभग हरेक साँझ घर बाहिर निस्कन्छे र आफ्नो प्रेमी पीटरसँग घण्टौं लामो कुराकानी गर्न बाहिर निस्कन्छे । उता ज्याकलाई पनि आफ्नो नियन्त्रणमा राखेर उसको साथ सहयोग लिइरहेकी छे । ज्याक भने सोफियालाई बिना शर्त एकोहोरो माया गर्छ । सोफिया एउटा ठूलो कम्पनीकी सिइओ हो । १८ वर्षको उमेर देखि बाबुआमाको घरबाट निस्केर एक्लै डेरामा बसेर संघर्ष गर्दै कलेज पढ्नेगर्थी । उसको पहिलो करियर रेस्टुरेन्टको Dish-washer बाट शुरू गरेको कुरा भन्न पनि कुनै अप्ठेरो मान्दिन । तर ज्याक भने खासै पढेलेखेको छैन र उसकै कम्पनीको स्टोर किपर र मर्मत सम्हारको काम गर्छ । त्यो लगायत सोफियाको गाडी ड्राइभ गरेर घर लाने, ल्याउने, मिटिङहरूमा लैजाने, शपिङ, लन्ड्री, बगैंचामा फूल रोप्ने, फूलहरूमा पानी हाल्ने, खाना पकाउने लगायतका घरायसी कामहरू पनि ज्याकले नै गर्ने गर्छ । ऊ सोफिया कै घरमा बस्छ । सोफिया, ज्याक र जापनिज स्पिट्ज कुकुर बाहेक त्यो घरमा कोही पनि छैन । कसैको आवतजावत पनि हुन्न । अमेरिकी संस्कृतिमा प्रायः मानिसहरू आफ्नो निजी वासस्थान देखाउँदैनन् र आफन्त र साथी-भाइहरूसँगको भेटघाटहरू पनि बाहिर कुनै रेस्टुरेन्टमा नै गर्ने गर्छन् । ज्याक दिनभर कम्पनीमा के भइरहेको छ, क कसले सोफियाको के के कुरा काटे भन्ने लगायतका सम्पूर्ण सूचना गोप्य रूपमा सोफियालाई दिइरहन्छ । ज्याकको माध्यमबाट सोफियाले आफ्नो र अफिसको बारेमा सबै जानकारी पाउँछे र दशकौंदेखि अफिसको वातावरणलाई आफ्नो नियन्त्रणमा राखेकी छे ।

अफिसको मात्रै नभएर आफ्ना हरेक काममा ज्याकको सहयोगमा उसको कामकाजी र व्यक्तिगत जीवनलाई पनि व्यवस्थित राखेकी छे । ऊ कुनै घरायसी कामकाज वा संस्कारगत मान्यताहरू पालना गर्ने नाममा उकुसमुकुस नै छ । पूर्ण रूपमा ऊ स्वतन्त्र छे । सोफिया आफूलाई अविवाहित भन्न पनि रुचाउँछे । वर्षको दुई पटक ज्याकलाई फेमेली भिजिटमा जाने भनेर झुक्याएर महिनौंसम्म पीटरसँग घुमघाममा निस्कन्छे ।

पीटर र सोफिया कहिले सँघाई त कहिले टोकियो घुम्न पुग्छन् । ज्याकको भावनामा चोट पुग्ला कि भन्ने कुरामा पनि निक्कै सजग छे । यसरी बाहिर गएको बेलामा ज्याकले नै अफिसको बारेमा के भैरहेको छ भनेर रिपोर्टिङ गर्छ । र घरको पनि रेखदेख गर्छ । सोफिया न्यूयोर्कमा बस्छे भने पीटर फ्लोरिडामा बस्छ । उनीहरू दुवै कलेजदेखिका साथी हुन् र २७ वर्षदेखि प्रेम सम्बन्धमा छन् । तर दुवैको व्यस्तताले गर्दा आफ्नो सम्बन्धलाई बेला बेलामा डेटिङ ट्रिप गरेर यसरी नै अगाडी बढाउँदै आएका छन् । उनीहरूको गहिरो प्रेम सम्बन्ध भए पनि बिहे गर्ने सोच भने राखेका छैनन् । अमेरिकामा सोफिया जस्ता पढेलेखेर आफ्नै लक्ष्य निर्धारण गरेर करियरलाई प्राथमिकता दिने शिक्षित महिलाहरू प्रायः विवाह नै गर्दैनन् र वैवाहिक सम्बन्धमा टिक्न पनि सक्दैनन् । विवाहले सुख वा सन्तुष्टिको ग्यारेन्टी गर्दैन भन्ने ठानेर नै परम्परागत भूमिका जस्तै विवाह, बच्चाबच्चीको रेखदेख र परिवार भन्दा माथि उठेर स्वतन्त्र रूपमा आफ्नो मर्जीको मालिक आफैं हुने भएकाले महिलाहरू आफूलाई निकै नै शक्तिशाली पनि ठान्छन् । सोफिया पनि परम्परागत समाजले महिलाहरूका निम्ति निर्माण गरेको मानसिकता भन्दा बाहिर निस्केकी महिला हो र ऊ व्यक्तिगत स्वतन्त्रता र आत्मनिर्भरतालाई अत्यधिक महत्त्व दिन्छे । २१औं शताब्दीमा अमेरिकामा धेरै महिलाहरूको सम्बन्धहरूको गति यसरी नै चलिरहेको हुन्छ । सोफिया एउटी उदाहरण मात्रै हो ।

सोफियाको जीवनलाई नियालेर हेर्दा ऊ अत्यन्त खुशी मध्येकी एक हो । खुशीका लागि सधैंभरि भौंतारिरहनेहरूको हकमा त यो लागू हुँदैन । तर मनमा शान्ति र जीवनमा सन्तुष्टि भयो भने मानिस सुखी बन्छ भन्ने कुराको बलियो उदाहरण पनि हो । तर सोफिया जस्ता अलिकति मात्रै सुख र स्वतन्त्रताको स्वाद पाइसकेका महिलाहरू कुनै सामाजिक वा पारिवारिक दलदलमा फस्न पनि चाहँदैनन् । खुशी हुन सामाजिक सञ्जालमा अरूसँग जोडिनु पनि पर्दैन । सोफियाको न त सामाजिक सञ्जाल नै छ न कुनै इन्स्टाग्राम वा ट्वीटर नै छ वा कुनै सेल्फीको चहकिलो फोटो पोस्ट गरेर "लाइक" र साथीहरूको "कमेन्ट" नै कुरेर बसेकी हुन्छे । आफ्नो यौन आवश्यकताका लागि भने उसले विभिन्न सेक्सट्वाइ, योनीएग्स जस्तै रोज क्वार्ट्ज, जाडे, र अमेथिस्ट जस्ता थुप्रै प्रकारका क्रिस्टलबाट बनेका अण्डाकार साधनहरू प्रयोग गर्छे । पेल्भिक फ्लोरको मांसपेशीहरूलाई बलियो बनाउन, यौन लगायत भावनात्मक तथा आध्यात्मिक लाभ लिनका लागि भनेर ध्यान, योग, वा ऊर्जा उपचारमा भाग लिइराख्छे र आफूलाई चुस्त, दुरुस्त र तन्दुरुस्त पनि राखेकी छे ।

विभिन्न गोष्ठी सेमिनार लगायत :यतष्खबतष्यलबा क्उभभअज हरूमा भाग लिने पनि गरिरहन्छे । जीवनजगत र हरेक विषयको बारेमा जानकारी राखेर बसेकी छे । आफूले आफ्ना लागि प्रशस्त समय दिन्छे । झट्ट हेर्दा सोफिया आफ्नो वास्तविक उमेर भन्दा निक्कै कम देखिन्छे र आकर्षक लाग्छे । जो शारीरिक, मानसिक, आर्थिक, शैक्षिक, आध्यात्मिक लगायतका सबै कुरामा भरिपूर्ण र सन्तुष्ट छ त्यस्तो व्यक्तिको आत्मिक चेतना पनि खुलेको जस्तो महसूस हुँदो रहेछ । जीवनप्रति सकारात्मक मान्छेसँगको सङ्गतमा सकारात्मक वाइब्रेशन आउँछ भने नकारात्मक मान्छेसँग नकारात्मक नै । हुन त पुरुषहरूलाई महिला जति आकर्षक र राम्री लाग्छन्, महिलाहरूलाई पुरुष खासै त्यस्ता लाग्दैनन् पनि । यो कुरा शायद धेरैलाई अनौठो पनि लाग्ला । महिलाले पुरुषमा यस्तो कुनै आकर्षक कुरा नै भेट्दैनन् ।

महिला प्रकृतिको उच्चतम वरदान पनि हो । पुरुषलाई महिलाको जति आवश्यकता पर्छ महिलालाई त्यति पर्दैन । बिहे गर्नु, सन्तान जन्माउनु भनेको ऐच्छिक विषय हो । महिलाहरू विवाहित भन्दा एक्लैमा नै बढी रमाइरहेका देखिन्छन् पनि । पढ्न-लेख्न पाएर म चेतनशील भएँ भनेर पनि नहुने रहेछ । सोफियाको जस्तै महिलाहरूले परम्परागत भूमिका बाहेक आफ्नो करियर र शिक्षालाई प्राथमिकतामा राख्ने, आफ्ना रुचि, सोखहरू खोजी गरी पहिल्याउने, र यसरी अगाडी बढ्ने हो भने घर परिवार बनाएर बस्नुभन्दा अन्य क्षेत्रबाट पनि धेरै शान्ति र सन्तोष मिल्छ । आफूले आफैंलाई चिन्ने मौका मिल्ने रहेछ ।

*-साहित्यपोष्ट डटकम*

# अब बैंकमा छुट्टै 'केवाईसी' भर्नु नपर्ने




**पाल्पा,** कार्तिक २१/अब बैंक तथा वित्तीय संस्थाहरूमा खाता खोल्दा अनिवार्य आवश्यक पर्ने ग्राहक सम्बन्धी विस्तृत विवरण (केवाईसी) भर्न नपर्ने भएको छ । सरकारले ग्राहकहरुको सेवालाई मध्यनजर गर्दै सहज र छरितो बनाउने उद्देश्यले यस्तो व्यवस्था गर्न लागेको हो ।

गत साता बिहीबार जारी भएको 'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण नियमावली, २०८१' मा यस्तो व्यवस्था गर्न लागिएको छ । उक्त नियमावलीको नियम ३ मा 'विद्युतीय माध्यमबाट ग्राहक पहिचान गर्न सक्ने' व्यवस्था थपिएको हो । उक्त व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाले ग्राहकको व्यक्तिगत विवरण नेपाल सरकारको डिजिटल अभिलेखबाट तानेर हेर्न सक्नेछन् । त्यसका लागि व्यक्तिले नागरिकता र राष्ट्रिय परिचयपत्र बनाएको हुनुपर्ने छ । नेपाली नागरिकले राष्ट्रिय परिचयपत्र बनाउँदा पेस गरेको विस्तृत विवरणलाई नै बैंक तथा वित्तीय संस्थाले लिन सक्ने गरी व्यवस्था हुन लागेको हो । यो व्यवस्थाका कारण मुख्यगरी बैंक तथा वित्तीय संस्थामा हरेक वर्ष केवाईसी फारम भर्नुपर्ने बाध्यताबाट नागरिकले छुटकारा पाउने छन् । नयाँ व्यवस्था कार्यान्वयनमा आउन भने अझै केही समय लाग्ने जनाइएको छ ।

अहिले बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने व्यक्तिले हरेक खातापिच्छे केवाईसी फारम भर्नुपर्छ । हरेक ठाउँमा विवरण भर्दा झन्झट हुने र कतिपय अवस्थामा ग्राहकको गोप्य र वैयक्तिक विवरण सार्वजनिक हुने जोखिम रहेको आवाज उठिरहेपछि सरकारले नयाँ व्यवस्था गरेको हो ।

# स्थानीय तह...

...५ गते बिहान ९ देखि अपराह्न १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिन सक्ने छन् भने सोही दिन दिउँसो १ देखि ३ बजेसम्म अन्तिम नामावली प्रकाशन गरी दिउँसो ३ देखि ५ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने छ । मंसिर १६ गते बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुनेछ । मनोनयन दर्ताको मिति नजिकिँदै गर्दा प्रमुख दलहरू उम्मेदवार छनोटमा केन्द्रित भएका छन् । काँग्रेसले उपनिर्वाचनलाई प्राथमिकतामा राखेर केन्द्रबाटै परिचालित गरेर परिणाम ल्याउने रणनीतिअनुसार तयारी अगाडि बढाइएको छ । यसका लागि केन्द्रमा निर्वाचन परिचालनका लागि विशेष समिति र तल्लो तहबाट योग्य उम्मेदवार छनोट गरी सिफारिसको तयारी गरिरहेको छ । एमालेले पनि आफूले जितेका सातवटै वडा सुरक्षित गर्दै बहुसंख्यक स्थानमा जित्ने गरी केन्द्रीयस्तरबाट नीति र योजना बनाएको छ । उसले बहुसंख्यक स्थानमा चुनाव जित्ने रणनीतिसहित सबैजसो स्थानमा चुनाव हुने स्थानीय तहको कमिटीबाटै सर्वसम्मत उम्मेदवार छनोट गरेर चुनावी प्रचार बढाउने नीति अख्तियार गरेको छ । कतै पनि सहकार्य वा गठबन्धन नगर्ने उसको नीति छ । माओवादीले उम्मेदवार छान्ने जिम्मा स्थानीय कमिटीलाई दिएको छ । वडा तहसम्मको निर्णय गर्ने जिम्मा पालिकालाई दिएको छ भने पालिकास्तरको उम्मेदवार पालिका हुँदै जिल्लामार्फत प्रदेश कमिटीले टुंग्याउने तयारी छ ।

यस्तै संसद्को चौथो दल रास्वपाले उपनिर्वाचन हुन लागेकामध्ये केही मुख्य स्थानहरूमा मात्र उम्मेदवारी दिने गरी आन्तरिक तयारी गरेको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीले उपनिर्वाचन हुने स्थानमा केन्द्रको परामर्शमा केही दिनभित्रै उम्मेदवारहरूको नाम टुंगो लाग्ने जनाएको छ ।

**कहाँ हुँदैछ निर्वाचन ?**

निर्वाचन आयोगका अनुसार ओखलढुङ्गा र कैलालीका जिल्ला समन्वय समिति प्रमुख, काठमाडौंको कीर्तिपुर नगरपालिकाका प्रमुख, जाजरकोटको नलगाड नगरपालिकाका उपप्रमुख, मोरङको ग्रामथान गाउँपालिका र दैलेखको महाबु गाउँपालिका अध्यक्ष, दोलखाको गौरीशंखर गाउँपालिका, हुम्लाको सर्केगाड गाउँपालिका र बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकाका उपाध्यक्ष पदका लागि निर्वाचन हुनेछ ।

यस्तै गुल्मीको मुसिकोट नगरपालिका वडा नं १, कपिलवस्तु शुद्धोधन गाउँपालिका वडा नं १, ताप्लेजुङको सिरिजङ्घा गाउँपालिका वडा नं ३, झापाको कन्काइ नगरपालिका वडा नं ६, तेह्रथुमको लालीगुराँस नगरपालिका वडा नं ८, सुनसरीको गढी गाउँपलिका वडा नं ६, ओखलढुङ्गाको मोलुङ गाउँपालिका वडा नं ५, उदयपुरको त्रियुगा नगरपालिका वडा नं १२ र बेलका नगरपालिका वडा नं ९, सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं १ र ४, धनुषाको धनुषाधाम नगरपालिका वडा नं १, महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नं २, रौतहटको ईशनाथ नगरपालिका वडा नं ७, राजपुर नगरपालिका वडा नं ६ र गढीमाई नगरपालिका वडा नं ८ को वडाध्यक्ष पदका लागि निर्वाचन हुनेछ । काठमाडौंको कीर्तिपुर नगरपालिका वडा नं १ र ४, काठमाडौं महानगरपालिका वडा नं १६, नुवाकोटको ककनी गाउँपालिका वडा नं २, मकवानपुरको हेटौँडा नगरपालिका वडा नं १२, गोरखाको गोरखा नगरपालिका वडा नं ५, रोल्पाको रुन्टीगढी गाउँपालिका वडा नं ४, बर्दियाको ठाकुरबाबा नगरपालिका वडा नं ४ र रुकुम (पूर्वी) पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं २ मा वडाध्यक्ष पदमा निर्वाचन हुने आयोगले जनाएको छ । दैलेखको दुल्लु नगरपालिका वडा नं १३, कालिकोटको तिलागुफा नगरपालिका वडा नं ४, जाजरकोट कुशे गाउँपालिका वडा नं ७, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका वडा नं ५, रुकुम (पश्चिम) सानीभेरी गाउँपालिका वडा नं ५, बझाङको सुर्मा गाउँपालिका वडा नं ४, डोटीको पूर्वीचौकी गाउँपालिका वडा नं ६, दार्चुलाको दुहुँ गाउँपालिका वडा नं ५ र कञ्चनपुरको भीमदत्त नगरपालिका वडा नं ६ का वडाध्यक्ष पदका लागि निर्वाचन हुनेछ ।

खेलकुद समाचार

## रियल मड्रिड घरमै एसी मिलानसँग पराजित



**काठमाडौं,** २१ कार्तिक/युरोपियन च्याम्पियन्स लिगको डिफेन्डिङ च्याम्पियन रियल मड्रिड इटालियन क्लब एसी मिलानसँग घरेलु मैदानमै ३-१ ले पराजित भएको छ । जारी सिजन च्याम्पियन्स लिगमा स्पानिस क्लब रियलको यो दोस्रो हार हो । सान्टियागो वर्नाविउमा भएको खेलको १२ औं मिनेटमै मलिक थियोले गोल गर्दै मिलानलाई अग्रता दिलाएका थिए । तर, अग्रता लामो समय रहेन । २३ औं मिनेटमा रियलका भिनिसियस जुनियरले पेनाल्टीमा गोल गर्दै खेल बराबरीमा ल्याए । ३९ औं मिनेटमा अल्भारो मोराटाले गोल गरेपछि मिलानले पहिलो हाफमा २-१ को अग्रता बनायो । दोस्रो हाफमा पनि मिलानले गोल थप्यो । ७३ औं मिनेटमा तिजानी रेइन्डर्सले गोल गरेपछि मिलानले ३-१ को अग्रता बनायो । ८१ औं मिनेटमा रियलका एन्टोनियो रुडिगरले गोल गरेपनि भिएआरले मान्यता दिएन । च्याम्पियन्स लिगमा दोस्रो जितपछि ४ खेलबाट ६ अंक जोडेर मिलान १८ औं स्थानमा उक्लिएको छ । दोस्रो हार बेहोरेको रियल समान ६ अंकसहित १७ औं स्थानमा छ ।

अर्थ/कर्पोरेट समाचार

## नेप्सेमा गिरावट



**पाल्पा,** कार्तिक २१/सेयर कारोबार मापक नेप्से परिसूचकमा गिरावट आएको छ । बुधबार १ दशमलव ८८ अंकले नेप्सेमा गिरावट आएको हो ।

कारोबार रकम भने केही बढेको छ । ५ अर्ब २२ करोड २४ लाख रुपैयाँको सेयर कारोबार भएको छ । मंगलबार ४ अर्ब २० करोड रूपैयाँको कारोबार भएको थियो । होटल तथा पर्यटन समूह ०.७५, बैंकिङ ०.१६, लगानी ०.३७, जीवन बीमा ०.१३, उत्पादन ०.२९, माइक्रोफाइनान्स ०.०९, निर्जीवन बीमा ०.८७ र अन्य समूह सूचक ०.१४ प्रतिशत घटे ।

त्यस्तै म्युचुअल फन्ड १.०९, व्यापार ०.२९, हाइड्रोपावर ०.४६, फाइनान्स ०.७९ र विकास बैंक समूह ०.७३ प्रतिशत बढे । नारायणी डेभलपमेन्ट बैंक र बलेफी हाइड्रोपावरको मूल्य १० प्रतिशत बढ्यो । पिपुल्स हाइड्रोपावरको ९.१, समृद्धि फाइनान्सको ८.७, राप्ती हाइड्रोको ७.८ प्रतिशत मूल्य बढ्यो । कुथेली बुकरी स्मल हाइड्रोपावरको मूल्य सबैभन्दा धेरै ९.५ प्रतिशत घट्यो । नेपाल फाइनान्सको ८.२, समाज लघुवित्तको ६.२, युनाइटेड मोदीको ४.०३ तथा सुपरमादी हाइड्रोको ३.५ प्रतिशत घट्यो कारोबार रकमका आधारमा नेपाल फाइनान्स, पिपुल्स हाइड्रोपावर, समृद्धि फाइनान्स, सानिमा जीआईसी इन्स्योरेन्स क्रमश: अगाडि रहे । बुधबार नेप्से २ हजार ६ सय ७५ दशमलव ५१ बिन्दुमा बन्द भएको छ ।

कूल १ सय २१ कम्पनीको सेयर मूल्य बढेको छ भने १ सय १७ कम्पनीको मूल्य घटेको हो । ६ कम्पनीको मूल्य स्थिर रह्यो । बुधबार ५५ हजार २ सय ३८ पटकको सेयर किनबेचबाट १ करोड १६ लाख ८ सय ६९ कित्ता सेयर किनबेच भए । कूल १३ उपसमूहमध्ये ५ उपसमूह बढे भने बाँकी उपसमूहहरू घटे ।

वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई